आज मिति २०८२।०४।०३ गते बिहान १०:०० बजे यस लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा लोमन्थाङ गाउँपालिकामा गाउँकार्यपालिकाको आ.व. २०८२/०८३ को पहिलो बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा आङ्ग्या गुरुङ | वडाअध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्डग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङजेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | Kunga | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | छिरिङ युटीन | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | छुटिन | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | सोनम | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | छिरिङ | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | विकाश के.सी. | सदस्य सचिव/ प्रमुख प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| अन्य उपस्थिति | | | | |
| १५ | | उज्वल चपाई | लेखा अधिकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | उदयराज शर्मा | सव-इन्जिनियर | लोमन्थाङ गाउँपालिका |
| १७ | | निराजन कटुवाल | ना.प्रा.स. | लोमन्थाङ गाउँपालिका |

प्रस्तावहरु :

प्रस्ताव नं. १ : वार्षिक समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: आर्थिक वर्ष २०८२-०८३ को शाखागत कार्ययोजना सम्बन्धमा।

प्रस्ताव नं. ३ : खरिद योजना स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ४ : आ.व. २०८२-०८३ को दररेट स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ५ : करार कर्मचारिहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ६ : करार पदपूर्ती सम्बन्धमा ।

प्रस्ताव नं. ७: तहवृद्दि सम्बन्धमा ।

प्रस्ताव नं. ८: कार्यविधि पारित सम्बन्धमा।

प्रस्ताव नं. ९: गत आ.ब. को भुक्तानी बाकीं सम्बन्धमा।

प्रस्ताव नं. १०: गल्फ सञ्चालन सम्बन्धमा।

निर्णयहरू:

निर्णय नं.१. : प्रस्ताव नं. १ उपर छलफल गरी यस गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रमहरुको प्रगति अवस्थाको समिक्षा मिति २०८२।०४।०७ गतेका दिन आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ उपर छलफल गरी यस गाउँपालिकाको आ.व. २०८२/८३ को लागि प्रत्येक शाखाबाट पेश भएका शाखागत कार्यक्रम र योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ उपर छलफल गरी यस गाउँपालिकाको आ.व. २०८२/८३ को लागि खरिद इकाई बाट पेश भएको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ उपर छलफल गरि यस गाउँपालिकाको आ. व. २०८२-०८३ को लागि गाउँपालिका भरि लागू हुने गरि जिल्ला दररेटको आधारमा गाउँपालिकाको दररेट निर्धारण समितिले पेश गरेको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ उपर छलफल गरि यस गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत सम्पुर्ण करार र ज्यालादारि कर्मचारीहरुको मिति २०८२।०४।०१ गते देखि लागू हुने गरि ६ महिना (पौष मसान्त) सम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत रोजगार सहायक र प्राविधिक सहायकको आ.व. २०८२-०८३ को लागि

बजेट सुनिश्चिता नभएकोले स्वीकृत बजेट अनुसार रोजगार संयोजक पदको विज्ञापन आह्वान गरि पदपूर्ती निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ उपर छलफल गरि यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत ५ औं तहाका कर्मचारीहरुको को गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन को दफा २७ तथा यस गाउँपालिकाको मिति २०८२।०३।१५ गतेको प्रकाशित सुचना बमोजिम पेश हुन आएको १ मात्र निवेदन उपर कारवाही गरी यस गाउँपालिकामा कार्यरत श्री उदयराज शर्मा (क.स.नं.२३९१९४ ) लाइ तहवृद्धि गरि सिनियर सव- इन्जिनियर छैठौं तह कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ उपर छलफल गरि यस गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

तपसिलः

- कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८२
- कृषि उत्पादन निर्यात (बजारीकरण) अनुदान वितरण गर्ने कार्यविधि, २०८२
- फलफुल वेर्ना अनुदानमा वितरण कार्यविधि, २०८२

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ उपर छलफल गरी गत आ.ब. २०८१।०८२ मा भुक्तानी गर्न वाकीं तपसील कार्यक्रमहरुको तपसीलमा उल्लेखित फर्म/व्यक्तिलाई भुक्तानी गर्ने निर्णय गरियो।

- स्याङ्जाली फर्निचर र फर्निसिङ सप्लायर्स (फर्निचर तथा फिक्चर्स) - ९८,३१०।००
- डिजेल ढुवानी (विपद) - ८०,०००।००
- भ्रमण खर्च- ७३,६१७।००

**निर्णय नं. १०:** प्रस्ताव नं. १० उपर छलफल गरी चालु आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन हुने गल्फको लागि गाउँपालिका कार्यालय समेत आयोजक हुने गरी मुस्ताङ गल्फ कोर्सलाई गाउँपालिकाको स्विकृत बजेट भित्र रही सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।